# "समृद्ध प्यूठान नगरपालिका निर्माणको आधार सामाजिक न्याय र दिगो विकास सहितको पूर्वाधार"

**प्यूठान नगरपालिकाको पन्ध्रौ नगरसभामा प्रस्तुत**
**आर्थिक वर्ष २०८०/०८१को**
**नीति तथा कार्यक्रम**

नगर उप प्रमुखज्यु, प्रमुख प्रशासकिय अधिकृतज्यू, नगरसभाका सदस्यज्यूहरु, नगरपालिकाका कर्मचारी साथीहरु,
नगरपालिकाको अर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम यस गरिमामय सभासमक्ष प्रस्तुत गर्न पाउँदा म गौरवान्वीत भएको छु।संघिय शासन प्रणाली र समाजवाद उन्मुख लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाको लागि भएका जनयुद्ध जनआन्दोलन र विभिन्न समयमा भएका सम्पूर्ण राजनितिक आन्दोलनहरुमा वलिदान गर्नुहुने सम्पूर्ण सहिदहरु प्रति उच्च सम्मान सहित भावपूर्ण श्रद्धान्जली अर्पन गर्न चाहान्छु ।साथै घाईते र अपांगहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

राज्य पूनसंरचना सँग संगै सिंहदरबारको अधिकार जनताको घरदैलोमा पुर्याउने उद्देश्यका साथ जनताको प्रत्यक्ष सम्बन्ध र सम्पर्क रहने स्थानीय सरकारको रुपमा यहाँका जनताहरुको सेवा गर्ने महान अविभारा हामिलाई प्राप्त भएकोछ । अवका ४ बर्षका अवधिमा निर्वाचित जनप्रतिनिधीको काँधमा सीमित श्रोत साधनको कुशलतापुर्वक परिचालन गरि समानता, सामाजिक न्याय,समावेशी, समानुपातिक प्रतिनिधित्व र समतामूलक समाजको निर्माण गरी सबै नगरवासीलाई विकासको मूल प्रवाहमा ल्याउनु महत्वपूर्ण जिम्मेवारी हामिमा रहेको छ ।संघ र प्रदेश भन्दा थप अधिकार सहित स्थापना भएको स्थानीय सरकाले कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको अधिकार एउटै छानामुनीबाट अभ्यास गरिरहेको छ, जहाँ प्रत्यक्ष निर्वाचित प्रमुख र उपप्रमुखको अभ्यास पनी भएको छ ।संविधानले परिकल्पना गरेको तीन तहको सरकारको सम्वन्धको सैद्धान्तिक आधार समन्वय सहकार्य र सहअस्तित्व भएकोले यस नगरपालिकाले सो सैद्धान्तिक आधारलाई आत्मसाथ गरी तहगत सम्बन्धलाई बलियो बनाई अगाडी बढ्नेछ ।

यो नगरपालिका स्थापना भई आजका दिनसम्म भएका प्रयासहरुले सम्पूर्ण नगरपालिकाको विकासका केही आधार खडा भएका छन्।आर्थिक, सामाजिक, पुर्वाधार, विपत तथा वातावरण र सुशासनका क्षेत्रमा उल्लेखीय प्रगति भएको छ । अवको चार वर्षको समयमा नगरपालिकाको बृहत्तर विकासको जिम्मेवारी हाम्रो काधमा आएकोले दीर्घकालिन विकासको खाका तयार गर्ने गरी यो निति तथा कार्यक्रम प्रस्तुत गरेका छौ ।स्थानीय तहलाई प्राप्त हुने विभिन्न अनुदान, आन्तरिक राजश्व तथा राजश्व बाडफाडबाट प्राप्त हुने रकम गरी जम्मा उपलव्ध वार्षिक सीमित श्रोत र साधनलाई अधिकतम रुपमा परिचालन गर्दै दिगो विकासका लक्ष्यहरु प्राप्ती गर्न हामी अग्रसर रहने प्रयत्न गर्ने छौ **।उत्पादन र उत्पादकत्व वृद्धि गर्दै रोजगारी सृजना गरी गरिवी न्यूनीकरण गर्ने तथा दिगो विकासका लक्ष्यका परिसुचकहरु प्राप्ती तर्फ अग्रसर रहने नीति तथा कार्यक्रम रहेको छ ।**

पहाडी जिल्लामा रहेको हाम्रो जस्तो नगरपालिकाकामा आधारभुत पूर्वाधारहरुको कमी र नगरवासीको विकास र शुसासन प्रतिको तीव्र आकांक्षालाई परिपूर्ति गर्नु मुख्य जिम्मेवारी हामिलाई प्राप्त भएकोले सोही बमोजिम सम्बोधन गर्नको लागि हामी निरन्तर लागि रहने प्रतिवद्धता जाहेर गर्दछौ ।

शिक्षा, स्वास्थ्य, कृषी पूर्वाधार, वन वातावरण तथा पर्यटन, सरसफाई, श्रम रोजगार, उद्यमशीलता लगायतका विभिन्न क्षेत्रमा थुप्रै कामहरु हाम्रो टिमले गर्नु पर्ने देखिन्छ । यस्ता कार्य गर्दा उपलब्ध स्थानिय श्रोत साधन र जनशक्तीको अधित्तम प्रयोगबाट नै गरिनेछ। प्युठान नगरपालिकाको वृहत्तर विकास हामी एक्लैको प्रयासबाट मात्रै सम्भव छैन। यसको लागि सबैसँग हातेमालो गरेर नै अघि बढिने नीति लिइने छ ।

प्युठान नगरपालिका लोकतन्त्रका आधारभुत मान्यता,विविधता युक्त बहुलबादी खुल्ला समाज, मानव अधिकार, सामाजिक न्याय, सहकारीता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई आत्मसाथ गर्दै विधिको शासनप्रति पुर्ण प्रतिवद्द रहने छ । लोकतन्त्रलाई सामाजिक जिवन पद्धतिको रुपमा स्थापित गर्ने कुरामा नगरपालिका हरपल प्रयत्नसिल रहनेछ । शासकीय व्यवस्थामा आएको परिवर्तनको अनुभूती सबै नगरवासीले गर्न सकुन भन्ने विषयमा हामी सधै सचेत रहनेछौ।

नगरको भौगोलिक, सामाजिक, आर्थिक तथा साँस्कृतिक विविधतालाई आत्मसाथ गर्दै सन्तुलित र समन्यायिक विकासको बाटोमा अघि बढ्न यस नगरपालिका दृढ रहनेछ । हामीहरु योजनावद्द रुपमा र प्राथामिकताका आधारमा विकास निर्माणका कामहरु हुनु पर्छ भन्ने कुरामा प्रतिवद्द छौ । मालिक होइन सेवक हौ भन्ने मान्यतामा आधारित जनउत्तरदायी, पारदर्शी, मेहनती र सहयोगी सयन्त्रबाटनै समृद्धि हासिल गर्न सकिन्छ भन्ने मान्यतालाई हामिले आफ्नो मार्ग दर्शनको रुपमा ग्रहण गरेका छौ ।

हालसम्म प्यूठान नगरपालिकामा गरिएका कामको समिक्षात्मक रुपमा विवरण प्रस्तुत गर्दछु।

- **राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगबाट गरिने कार्यसम्पदान मूल्याङकनमा प्यूठान नगरपालिका देश भरिका नगरपालिकामा प्रथम भएको छ ।**
- **नगरपालिकामा सेवाग्राहीहरुको अनुरोध लाई सम्बोधन गर्दै नागरिक सहायत कक्ष स्थापन गरी कार्यालयको प्रशासनीक कामकाजमा नागरिकहरुलाई सहजिकरण गर्ने कार्य अगाडी बढाईएको छ ।**
- **नगरपलिकाको क्षमता विकास योजना, मध्यकालिन खर्च संरचना, राजश्व सुधार कार्ययोजना, आवधीक योजना , लै.स.सा.स. परिक्षण लगायतका कार्यहरु सम्पन्न गरिएको छ ।**

- प्यूठान  नगरपालिका पूर्ण खोप शुनिश्चित नगरपालिका घोषणा भएको छ।
- डिजिटल प्रणालीको प्रयोग गर्दै नगरपलिका भित्र वडा नं १,२,३ र ४ मा कृषि गणनाको कार्य सम्पन्न भएको छ साथै नगरपालिकाको बस्तुगत बिवरण तयारीका लागि डिजिटल प्रोफाईल निर्माणको कार्य भैरहेको र आगामी वर्षमा निरन्तरता दिने योजना रहेको छ ।
- प्यूठान नगरपालिकाले कृषि उपजको उत्पादन बढाउन जिल्लामै पहिलो पटक माटो परिक्षण ल्यावको स्थापना गरी प्राविधीकहरुलाई आवश्यक क्षमता विकास तालिम उपलब्ध गराई संचालनमा ल्याएको छ ।
- संघ सरकार, प्रदेश सरकार तथा प्यूठान नगरपालिकाको लागत साझेदारीमा दिगो सडक पूर्वाधार निर्माण गर्ने उद्देश्यले विजुवार-थापडाडा सडक ७८० मि., क्यामपस टाकुरा पाखाडेरा हुदै भित्रिककोट सडक खण्डको ४१० मि. कालोपत्रे सम्पन्न भएको छ ।
- नगरकै पर्यटनतर्फको गौरवको रुपमा रहेका ऐतिहासिक भित्रीकोट दरवारको DPR तयार गरी सोही बमोजिमका पूर्वाधार निर्माण भइरहेका छन् भने लिस्ने हिल स्टेशन, झुलेनी, बुलबुले २२ धारा, शिद्धगुफा लगायत पूर्वाधार निर्माण भइरहेका छन्।
- नगरपलिका भित्रका पर्यटकीय स्थानहरुको प्रवर्धनका लागि बिभीन्न कार्यहरु अन्तर्गत बासाखोला खैराकोट पदमार्ग निर्माण , युद्ध पर्यटकीय स्थल वडा नं. ३ लगायतका संरचनाहरु निर्माण कार्यहरु अगाडी बढेका छन ।
- आ.व. २०७९/०८० मा १४ वटा नया कार्यविधी निर्माण भएका साथै २ वटा कार्यविधी शंसोधन गरिएको छ ।
- नगरपालिकाकै चुनौतिको रुपमा रहेको झिम्रुक नदी नियन्त्रणलाई उच्च प्राथमिकता दिई संघ तथा प्रदेश सरकारमा डि.पि.आर सहितको लागत अनुमान तयार पारी बजेट शूनिश्चितताका लागि आवश्यक पहल भएको साथै नदी नियन्त्रण सम्बन्धी कार्यहरु निरन्तर संचालनमा रहेको छ ।
- सार्वजनिक सेवा प्रवाहमा टेवा पुर्याउने उद्देश्य अनुरुप नगरपालिकाको हाता भित्रै चमेनागृह निर्माण कार्य सम्पन्न भएको छ ।
- प्रविधिको नविनतम प्रयोग गर्दै शुसासन प्रवर्धन, सेवा प्रवाह लागि प्यूठान नगरपालिका, यस अन्तर्गतका सम्पूर्ण वडाहरु, सम्पूर्ण स्वास्थ्य संस्था तथा बिद्यार्थी संख्याका आधारमा ठूला विद्यालयहरुमा पालिकाबाटनै निरिक्षण र अनुगमन गर्न मिल्ने गरी बिद्युतीय ई-हाजिरी प्रणाली संचालनमा ल्याईएको छ ।
- नगरपालिका भित्रका १२ वटै स्वास्थ्य संस्थामा सि.सी.टि.भि. क्यामेरा जडान गर्ने काम सम्पन्न गरिएको छ ।
- उत्पादनमा आधारित अनुदान कार्यको लागि आवश्यक निती तयार गरी कार्य अगाडी बढाईएको छ ।
- प्यूठान नगरपालिकाले एम्बुलेन्स खरिद गरी संचालनमा ल्याएको छ ।
- प्यूठान अस्पतालमा आउने नगरवासीहरुको लागि निशूल्क ओ.पि.डि सेवा संचालनमा ल्याईएको छ ।
- सुत्केरी संग मेयर कार्यक्रम संचालनमा ल्याई पौष्टिक तत्वयुक्त खानेकुरा र सामाग्री  प्रदान गरिएको छ ।
- सरकारी स्वास्थ्य संस्थामा सुत्केरी हुनेहरुको लागि निशुल्क एम्बुलेन्स सेवा प्रदान कार्य थालनी गरिएको छ ।
- नगरपालिका भित्रका दुर्गम स्थानहरुमा नगरपालिकाको सहयोगमा विशेषज्ञ स्वास्थ्य सिविरबाट महिला,ज्येष्ठ नागरिक देखि आम सर्वसाधारणहरुलाई सेवा प्रदान गरिएको छ ।
- प्यूठान नगरपालिकाले अभिभावक विहिन बालबालिकाहरुलाई मुक्ति मा.वी. रातामाटामा कक्षा १ देखी १२ कक्षा सम्म निशूल्क आवासीय सुविधा सहितको शिक्षा प्रदान गर्नको लागि व्यवस्था मिलाईएको छ ।
- “सक्षम सहकारी निर्माण प्यूठान नगरपालिकाको अभियान” अन्तर्गत नगर क्षेत्र भित्रका सहकारिहरुलाई जिल्ला सहकारी संघ मार्फत विभिन्न विधामा तालिम तथा शसक्तिकरण तालिम संचालन गरिएको साथै नगरपालिका भित्रका सहकारीहरुलाई सहकारी विभागद्वारा विकसित **COPOMIS** सफ्टवेयरमा आबद्ध गर्नको लागि आवश्यक कार्य सम्पन्न गरिएको छ ।
- नगरपालिका क्षेत्र भित्र स्थापित लघु तथा मझौला उद्यमीहरुलाई प्रोत्साहनको लागि विविध कार्यक्रमहरु संचालनमा ल्याईएको छ ।
- नगरपालिकाको आर्थिक प्रशासन सुदृढ गर्नको लागि EFT मार्फत सोझै सेवाग्राहीको खातामा बैङ्क भुक्तानी गर्ने कामको थालनी गरिएको छ ।
- ६० वर्ष माथिका ज्येष्ठ नागरिकहरुलाई निशुल्क आखा उपचार गर्ने व्यवस्था मिलाईएको छ ।
- सबै वडाहरुमा मेलमिलाप केन्द्र स्थापना गरी ३१ जना मेलमिलापकर्ता र मुद्दा पिडित व्यक्तिहरुको लागि मनोसामाजिक परामर्श दिनको लागि मनोसामाजिक परामर्शदाता सूचिकृत तथा पुनर्ताजकी तालिमको संचालन गरिएको छ ।
- पशूहरुमा कृतिम गर्भाधान तथा निशुल्क पशु चेकजाँच कार्य निरन्तर रुपमा गर्दै आईरहेको छ ।
- 'ग' र 'घ' बर्गका अपाङ्ग छनोट गरी सामाजिक सुरक्षा भत्ता वितरण कार्य थालनी गरिएको छ ।
- सबै वडाहरुमा बाल,ज्येष्ठ नागरिक तथा महिला सञ्जाल गठन तथा परिचालन गरिएको छ ।
- कृषिमा आधुनिकरण तथा यान्त्रीकरण, अनुदान पकेट क्षेत्र व्यवसायमा प्रवर्द्धन गर्ने नीति लिइएको छ भने शित भण्डारको निर्माण गरि व्यवस्थित ढंगले सञ्चालन गरिनेछ ।
- १२ साना सिचाई योजना, ३० भकारो सुधार कार्यक्रम, ४०० वटा विपन्न घरधुरीमा करेसबारी निर्माण कार्यक्रम, २ वटा पकेट कार्यक्रम सम्पन्न गरिएको छ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.व. २०७९/०८०मा १२५ जनालाई १०० दिनको रोजगारी प्रदान गरिएको छ।

अव म आ व २०८०/०८१को नीत तथा कार्यक्रमका सैद्धान्तिक आधारहरु प्रस्तुत गर्न चाहन्छु ।

प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गर्दा निम्न आधारहरुलाई आत्मसाथ गरिएको छः

- नेपालको संविधान,२०७२ को अनुसूची ८ र ९ मा उल्लेखित स्थानीय तहको एकल तथा साझा अधिकारको सूची ,
- दिगो विकासका लक्ष्य तथा परिसूचकहरु,
- नेपालको संविधानमा उल्लेखित मौलिक हकहरु,
- नेपालको संविधान भाग ४ अन्तर्गतका राज्यका आर्थिक, सामाजिक विकास, प्राकृतिक श्रोतको उपयोग, वातावरण संरक्षण सम्बन्धी नीतिहरु, धारा ५९ को आर्थिक अधिकार र भाग १९ को आर्थिक कार्य प्रणाली ।
- नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीयतहको कार्य विस्तृतिकरणको प्रतिवेदन,
- संघीय सरकारले अंगिकार गरेको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु,
- संघीय सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु,
- नेपालले अन्तरराष्ट्रिय जगतमा जनाएका प्रतिबध्दताहरु एवं सन्धी सम्झौताहरु
- स्थानीय शासन सञ्चालन संबन्धी कानून ,आदेश, नियमावली ,प्रावधानहरु ।
- स्थानीय तहका संवन्धमा भएका अध्ययन प्रतिवेदनहरु
- विकासका समसामयिक मुद्दाहरु जस्तै सामाजिक संरक्षण ,दिगोविकास, जलवायु परिवर्तन र विपद् व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैङ्गिक सशक्तिकरण तथा समावेशीविकास ,बालमैत्री स्थानीयशासन, वातावरण मैत्री स्थानीय शासन, पूर्णसरसफाई एवं उर्जासंकट लगायतका अन्तर सम्बन्धित विषयहरु,
- स्थानीय सरकार संचालन ऐन २०७४
- नेपाल सरकारको आर्थिक सर्वेक्षण तथा राष्ट्र बैंकको मौद्रिक निती
- नेपाल सरकारका विषयगत एवं क्षेत्रगत नीतिहरु,

अव म प्युठान नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को निति तथा कार्यक्रम वुदागत रुपमा पेश गर्ने अनुमति चाहान्छु ।

**<u>शिक्षा तर्फका नीति तथा कार्यक्रम</u>**

- प्रारम्भिक बालविकास केन्द्रमा बालवालिकाको सर्वाङ्गीण विकास तथा आधारभुत शिक्षाको तयारीका लागि पर्याप्त पुर्वाधार र गतिविधिहरुलाई व्यवस्थित, प्रभाबकारी र बालमैत्री बनाइनेछ । बालविकास केन्द्रका सहजकर्ताहरुको क्षमता विकास गरिनेछ ।
- प्यूठान नगरपालिकाको शैक्षिक सुधारको लागि गठित कार्यदलले पेश गरेको प्रतिवेदन कार्यन्वयन गर्दै लगिनेछ ।
- माध्यमिक शिक्षा सम्मको उमेर समुहका सबै बालबालिकाहरुलाई निशुल्क रुपमा सामुदायिक विद्यालयमा भर्ना गर्ने ब्यवस्था मिलाइ माध्यमिक तहसम्म निशुल्क शिक्षालाई थप व्यवस्थित गर्दै लगिनेछ ।
- विद्यालयमा जङ्कफुडलाई निशेध गरिनेछ ।
- विद्यालय शिक्षालाई गुणस्तरयुक्त बनाउन नियमित रुपमा अनुगमन, निरीक्षण र सुपरीवेक्षणको ब्यवस्था मिलाइनेछ ।विद्यालय सुपरीवेक्षण तथा पेशागत सहायताका लागि स्रोत विज्ञको ब्यवस्था गरिनेछ ।
- विद्यालयलाई हिंसारहित,भयरहित र बालमैत्री बनाईनेछ ।नयाँ निर्माण हुने भौतिक पुर्वाधारहरु विपद् जोखिममुक्त, सुरक्षित, बालमैत्री ,छात्रामैत्री र अपांगमैत्री बनाउनुका साथै हरित विद्यालयको अवधारणालाई विशेष जोड दिइनेछ ।
- विद्यार्थी दिवा खाजा कार्यक्रमलाई थप सुद्धिढ गर्दै "हर बार खाना चार"मा जोड दिइनेछ पालिका भित्र संचालनमा रहेका सामुदायिक विद्यालय तथा बालविकास केन्द्रहरुलाई भौगोलिक अवस्था,जनसंख्याको वितरण र सामाजिक न्याय हेरी नक्शांकनका आधारमा समायोजन गरी शिक्षक कर्मचारीको दरबन्दी मिलान तथा पुनर्वितरण गरिनेछ ।संस्थागत विद्यालयहरुको नियमन गरिनेछ ।
- विद्यालय शिक्षालाई गुणस्तरयुक्त बनाउन नियमित रुपमा अनुगमन, निरीक्षण र सुपरीवेक्षणको ब्यवस्था मिलाइनेछ । सुपरीवेक्षणलाई प्रभावकारी बनाउन विषयगत शिक्षकको रोष्टर समुह निर्माण गरी प्रधानाध्यापक र शिक्षा अधिकृत समेतको समुह द्वारा समुह सुपरीवेक्षण तथा पेशागत सहायता प्रदान गरिनेछ ।विद्यालय अनुगमन प्रणालीलाई सूचकमा आधारित बनाइनेछ ।
- वार्षिक कार्यसम्पादन तथा विद्यार्थीको नतिजामा उत्कृष्टता हासिल गरेका शिक्षक/कर्मचारी, उत्कृष्ट नतिजा ल्याउने विद्यार्थी तथा उत्कृष्ट विद्यालयलाई प्रोत्साहन गरिनेछ ।
- बालबालिकाको सर्बाङ्गीण विकासका लागि विद्यालय र पालिका स्तरमा खेलकुद प्रतियोगिता संचालन गरिनेछ ।
- सामुदायिक सिकाई केन्द्र, नेपाल स्काउट र नेपाल रेडक्रस सोसाईटी संगको समन्वयमा युवा लक्षित कार्यक्रमहरु संचालन गरिनेछ र नेपाल रेडक्रस सोसाईटी, नेपाल स्काउटलाई मा.वि. तह सम्म बिस्तार गरिनेछ ।
- वहुप्राविधिक शिक्षालय स्थापनाको लागि पहल गरिनेछ ।
- विद्यालयलाई सूचना प्रविधिमैत्री बनाई अनुगमन प्रणालीलाई प्रभावकारी बनाउन इ हाजिर र सि सि टि भि क्यामेरा जडान गरिने छ ।
- विद्यालय, विद्यालय व्यवस्थापन समिति र अविभावक संघबिचको सम्वन्धलाई सुमधुर बनाउन पहल गरिनेछ ।
- व्यवस्थापकिय क्षमताको विकास गर्न सवै प्रध्यानध्यापकहरुलाई नेतृत्व विकास सम्वन्धी तालिम दिइनेछ ।
- आधारभूत तहमा स्थानीय पाठ्यक्रम निर्माण गरिनेछ ।
- विद्यालय छोड्ने दरलाई शुन्यमा झार्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- विद्यालयलाई लेखा तथा जिन्सी सम्बन्धि तालिम दिई आर्थिक तथा जिन्सी अभिलेख चुस्त दुरुस्त बनाइनेछ ।

- सञ्चालनमा रहेको अभिभावक विहीन वालवालिकालाई आवासीय सुविधा सहित (माध्यमिक तह) सम्मको निशुःल्क शिक्षा थप प्रभावकारी बनाईनेछ ।

__स्वास्थ्य तर्फका  निति तथा कार्यक्रम__

- पूर्ण खोप शुनिश्चिततालाई निरन्तरता गरिनेछ ।
- आधारभूत स्वास्थ्य सेवालाई गुणस्तरीय, सर्वसुलभ र नागरिकको पहुँच योग्य बनाईनेछ ।
- विद्यालय पोषण तथा स्वास्थ्य शिक्षाको माध्यमबाट किशोर किशोरी मैत्री विद्यालय तथा स्वास्थ्य संस्थाको अवधारणा अवलम्बन गरिनेछ ।
- स्वास्थ्यमा सर्वव्यापी पहुँचको अवधारणा अनुरुप प्रर्वद्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक सेवालाई एकीकृत रुपमा विकास तथा विस्तार गरिनेछ ।
- सुरक्षित मातृत्व, बाल स्वास्थ्य, किशोर किशोरि तथा प्रजनन् स्वास्थ्य, प्रौढ तथा जेष्ठ नागरिक लगायतका सेवाहरुको बिकास र बिस्तार गरिनेछ ।
- पोषणमैत्री स्थानीय तहको अवधारणालाई अबलम्बन गरी आवश्यक पुर्व तयारीका क्रियाकलापहरुलाई अगाडी बढाईनेछ ।
- नगरपालिका भित्रका सबै स्वास्थ्य संस्थाहरुबाट तोकिए बमोजिम निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रदान गरिएको सुनिश्चित गरिनेछ ।
- गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक औषधी, औषधीजन्य सामाग्री, औजार, उपकरण तथा निदानात्मक सेवाको व्यवस्था गरिनेछ ।
- नगरपालिका क्षेत्रभित्रका सवै नागरिकहरुलाई तोकिए बमोजिम विशेषज्ञ स्वास्थ्य सेवाको पहुँचमा विस्तार गर्दै लगिनेछ ।
- स्वास्थ्य सेवाको पहुँचलाई थप प्रभावकारी गराउन आयुर्वेद स्वास्थ्य सेवालाई बिस्तार तथा व्यवस्थापन गरिनेछ ।
- सरुवा रोग, किटजन्य रोग, पशुपन्छीजन्य रोग र अन्य रोग तथा महामारी नियन्त्रण लगायत विपद् व्यवस्थापन पूर्वतयारी तथा प्रतिकार्यको उपायहरू अवलम्बन गरिनेछ ।
- स्वस्थ सकारात्मक व्यवहार परिवर्तनका लागि स्वास्थ्य शिक्षा र सूचना प्रवाह गर्दै अनुकुल वातावरण सुनिश्चित गरिनेछ ।
- बाल मृत्युदर , मातृमृत्युदर घटाउने किसिमबाट विशेष कार्यक्रम संचालन गरिनेछ ।
- स्वास्थ्य चौकीहरुमा प्रयोगशाला सेवा विस्तार गर्दै लगिनेछ ।
- प्युठान नगरबासीहरुको लागी निशुल्क रक्तसञ्चार सेवा उपलब्ध गराइने छ ।
- प्युठान अस्पतालमा उपचार गर्न आएका नगरबासीहरुलाई निशुल्क OPD दर्ता गर्ने ब्यबस्था गरिनेछ ।
- प्यूठान अस्पतालमा डायलायसिस सेवा संचालनका लागि आवश्यक सहयोगका लागि पहल गरिनेछ ।
- विकट र दुरजराजका बस्तिहरुमा विषेशज्ञ सहितको स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।
- प्यूठान नगरपालिका जेष्ठ नागरिक, गरिव विपन्न र विकट क्षेत्रका नागरिकहरुको स्वास्थ प्रति संवेदनशील रहेको छ ,जसका लागि प्यूठान नगरपालिकाद्वारा जेष्ठ नागरिक, गरिव विपन्न र विकट क्षेत्रका नागरिकहरुको लागि घरदैलोमा “हेल्थ स्किनिङ कार्यक्रम” तथा अन्य स्वास्थ्य सेवा सञ्चालन गरिने छ ।
- जेष्ठ नागरिकलाई प्रदान गर्दै आएको निशुल्क आखा उपचार सेवालाई सबै वडाहरुको पहुचमा पुर्‍याइनेछ ।
- द्वन्द पिडितहरुको स्वास्थ्य विमालाई निरन्तरता दिइनेछ ।
- सुत्केरीसग मेयर कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- योग शिक्षालाई प्राथमिकता दिइनेछ ।
- स्वास्थ्य स्वयम सेविकाहलाई मनोवल उच्च बनाउन प्रोत्साहन गरिनेछ ।

__योजना कार्यान्वयन सम्बन्धी नीति तथा कार्यक्रम__

- प्यूठान नगरपालिका भित्र संघ तथा प्रदेशका विषयगत कार्यालयहरुले सञ्चालन गर्ने बिभिन्न भौतिक पूर्वाधार, आयआर्जन तथा शसक्तिकरण लगायतका कार्यक्रम सञ्चालन गर्दा नगरपालिकासंग अनिवार्य समन्वय गर्नु पर्नेछ । स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०६ को उपदफा १ को (क) देखी (ख) सम्म उल्लेख भएका कार्य पद्दतीमा संघ तथा प्रदेशका विषयगत कार्यालयहरु नआएमा त्यस्ता कार्यहरु जनुसुकै समयमा प्यूठान नगर कार्यपालिकाले स्थगित गर्न सक्नेछ ।
- उपभोक्ता समितिबाट हुने योजना कार्यान्वयनको लागत सहभागितलाई १० प्रतिशत कायम गरिनेछ ।
- योजनाको लागत अनुमान रु.३ लाख देखि माथि वजेट भएका योजनाहरुको नगपालिका स्तरीय अनुगमन समितिवाट अनुगमन गरी भूक्तानीको लागि सिफारिस गरेपछि मात्र नगरपालिकावाट भूक्तानी दिने कार्यलाई निरन्तरता दिईनेछ ।
- 

__कृषी सम्बन्धी निति तथा कार्यक्रमः__

- **"उत्पादन संगै कृषि बजार, समुन्नत नगरको आधार" भन्ने नारालाई सफल बनाउन देहायका निति तथा कार्यक्रम तय गरिएको छ ।**

- किसानको पहिचान, तीनै तहवाट संचालन हुने कृषि विकासका कार्यक्रमलाइ वैज्ञानिक, पारदर्शी र प्रभावकारी बनाउन, कृषकको मनोवल उच्च बनाउँदै कृषि विकासमा उत्प्रेरित गर्न, अनुदानका कार्यक्रमहरुलाइ व्यवस्थित गर्न र समग्रमा कृषि सुशासन प्रवर्द्धन गर्न नगरपालिका भित्रका सम्पूर्ण कृषकहरुको सूचीकरण गरि किसान परिचयपत्र प्रदान गरिने छ ।
- नगरपालिका क्षेत्र भित्र एक व्यवस्थित कृषि उपज संकलन केन्द्र स्थापना गरि, सो संकलन केन्द्र मार्फत कृषि उपज बजारीकरण गर्ने कृषकहरुलाई उत्पादनमा आधारित अनुदानको व्यवस्था गरिने छ ।
- बैंक तथा वित्तीय संस्थाहरुको साझेदारीमा कृषकहरुलाई सहुलियत ऋणको व्यवस्था गरिने छ ।
- किसानले उत्पादन गरेको उपजलाई खेत बारी देखि सजिलै बजार सम्म ढुवानीको लागि कृषि एम्बुलेन्सको व्यवस्था गरिने छ ।
- नगरपालिकाको स्वामित्वमा रहेको चिस्यान केन्द्रलाइ थप परिष्कृत गर्दै संचालनमा निरन्तरता दिईने छ ।
- व्यवसायिक मौरी पालन तथा मौरी चरण क्षेत्र बिस्तारलाई विशेष ध्यान दिईने छ ।
- सिचाईलाइ प्राथमिकतामा राखी स्थानको उपयुक्तताको आधारमा प्लास्टिक पोखरी,पक्कि पोखरी तथा साना सिंचाई पूर्वाधार निर्माण विशेष जोड दिई सिंचित क्षेत्रको विस्तार गरिने छ ।
- नगरपालिकाको माथिल्लो भेगहरुमा कागती, अलैंची, ओखर र कमला सुन्तला खेतीलाई प्रत्साहन गरिने छ ।
- बढ्दै गईरहेको रासायनिक विषादीको प्रयोग न्यूनीकरण गर्न जैविक विषादीहरुको बारेमा व्यापक प्रचार प्रसार गरी जनचेतना जगाउने कार्यक्रम संचालन गरिने छ ।
- बगर खेतीको सम्भाव्यता अध्यन गरि प्युठान नगरपालिकाको नदि किनारमा रहेको जमिनको सदुपयोग हुनेगरि बगर खेति लाइ प्रोत्साहन गरिने छ ।
- पुराना र निस्कृय कृषक समूहहरुको पुनरताजकिकरण गरि , सामुहिक कृषि खेति लाइ विशेष जोड दिईने छ
- पुराना व्यवसायिक कृषकहरुलाई मूल्य शृङखला (value chain) र value addition मार्फत विभिन्न post-harvest products हरु निर्माण गरि अधिक आम्दानीमा सहयोग हुने क्रियाकलाप हरु संचालन गरिने छ ।
- नगरपालिकाका सम्पूर्ण वडाहरुमा रहेका अति बिपन्न परिवारहरुको खाद्य सुरक्षालाई ध्यानमा राखी करेसाबारी निर्माणका लागि विशेष सहयोग गरिने छ ।
- नगरपालिका क्षेत्र भित्रका नयाँ र क्षमतावान कृषिकहरुको पहिचान गरि उनीहरुलाई व्यवशायिक बनाउन उत्पादनमा आधारित अनुदानलाई प्रोत्साहन गर्ने र प्राविधिक सहयोग गरिने छ ।
- रासायिनिक मलको अभाव भएको र माटोमा कम हुदै गहिरहेको प्रांगारिक पदार्थको मात्रा बढाउने उदेश्यले भकारो तथा गोठे मल सुधार कार्यक्रम संचालनमा ल्याईने छ ।
- बैज्ञानिक र प्रविधियुक्त कृषि उत्पादन पद्दतिलाई विशेष ध्यानमा राखी कृषक क्षमता विकासमा जोड दिइने छ।
- कृषि विकास रणनीति (२०१५-२०३५) का सूचक तथा लक्षहरुलाई विशेष ध्यानमा राखी कृषि सम्बन्धि सम्पूर्ण कार्यक्रमहरु संचालन गरिने छ।
- बाझो जमिन राख्ने प्रवृतीलाई पूर्ण निरुत्साहित गर्दै सदुपयोग गर्न प्रोत्साहित गरिने छ ।
- उत्कृष्ट कृषकहरुलाई सम्मान गरिनेछ ।
- युवाहरुलाई उत्पादनमा प्रोत्साहित गर्नको लागि यूवा संग कृषि कार्यक्रम संचालन गरिनेछ ।

**<u>पशुपन्छी बिकाश सम्बन्धी निति तथा कार्यक्रमः</u>**

- उन्नत पशुपालन प्रबिधिको प्रचार प्रसार गरी उन्नत पशु पालन व्यवसाय तर्फ अग्रसर गराइनेछ ।
- पशुधन संरक्षणका लागी विभिन्न रोग विरुद्दको खोप, रोग निदान सेवा, आन्तरिक तथा वाह्यपरजिवि नियन्त्रण सेवाका कार्यक्रमहरु प्रभावकारी रुपमा संचालन गरी पशुहरुको संक्रामक रोग नियन्त्रण गर्ने र पशुधन सुरक्षण गरिनेछ ।
- उन्नत घाँस खेतिको विस्तार गरी पशु आहाराको पुर्ति गरी उत्पादन लागत कम गरिनेछ ।
- नश्ल सुधार गर्न कृतिम गर्भाधान कार्यलाइ वढी प्राथमिकता दिइ उत्पादन र उत्पादकत्व वृदि गरिनेछ । .
- पशुपन्छीजन्य पदार्थ दुध, मासु, अण्डा र माछा उत्पादनमा वृदि गर्न कृषकहरुलाइ उत्पादनमा आधारित अनुदानको व्यवस्था गरिनेछ ।
- पशुपालन व्यवसायलाइ व्यवसायिकरण गरी समाजमा मर्यादित दिगो र आत्मनिर्भर वनाइनेछ ।
- सिपि प्रजातिको माछा पालनलाई प्रोत्साहन गरी आयआर्जनमा बृद्धि गर्ने नितीलाई निरन्तरता दिईनेछ ।
- पशुपन्छीजन्य पदार्थको उत्पादन र उत्पादकत्व वृदि गरी आन्तरिक माग पुर्ति गरि आयात प्रतिस्थापन गर्ने र निर्यात प्रवर्धन गरिनेछ ।
- कृतिम गर्भाधान गरी उत्पादनशिल पशुहरुको संख्यामा वृद्दि गर्दै लगिनेछ ।
- आयमुलक कार्यक्रमको रुपमा कुखुरा, बाखा, भैंसी र वंगुर पालन कार्यक्रम संचालन गरी रोजगारीका अवसरहरु सृजना गर्नुका साथै कृषकको आयमा वृदि गरिदै लगिनेछ ।
- पशुपालन व्यवसायलाइ व्यवसायिकरण र विविधिकरण गर्दै वजार व्यवस्थापन तर्फ उन्मुख बनाइनेछ ।
- स्वस्थ पशुबाट स्वस्थ पशु उत्पादनको वृदि गरी आवश्यकता पुर्ति गर्ने र आयातलाइ प्रतिस्थापन गरिनेछ ।
- पशुपन्छिहरुको उत्पादन तथा उत्पादकत्व बृदि गर्न संभाव्यताको आधारमा विभिन्न पशुपन्छिहरुको पकेट क्षेत्र पहिचान गरी सो पकेटहरुमा प्याकेजका कार्यक्रमहरु संचालन गरिनेछ ।
- संघिय सरकार प्रदेश सरकार र स्थानिय गैरसरकारी संघ संस्थाहरु संग सहकार्य तथा हातेमालो गरी कार्यक्रमहरु संचालन गरिनेछ ।

- कृषकहरुले पालन गरेका पशुपन्छिहरुको जोखिम कम गर्न पशुपन्छि विमा कार्यक्रमलाइ विस्तार गरिनेछ।
- दिगो विकासका लक्षहरु पुरा गर्न पशुपालनलाइ उत्पादन क्षमता तथा सम्भाव्यताको आधारमा सम्भावित वजारमुखि पेशाको रुपमा दिगो विकास गरी स्थानिय उत्पादनबाट राष्ट्रिय उत्पादनमा योगदान पुराइनेछ ।
- एकिकृत रुपमा पशुस्वास्थ्य ,पशु विकास ,पशु आहारा ,तालिम, वजारीकरणका कार्यक्रमहरुलाइ स्थानियस्तरमा संचालन गर्दै घर दैलोमा पशु सेवाका कार्यक्रमहरु विस्तार गरिनेछ ।
- पशुपन्छीहरुमा विभिन्न रोगवाट हुन सक्ने क्षतिलाइ वचाउनका लागी रोग निदान प्रयोगशाला सेवा, विस्तार गर्ने रोग नियन्त्रण खोप र उपचार सेवामा अभिबृद्दि गर्दै लगिनेछ ।
- जनजाति दलित तथा पिछडीएका र गरिविको रेखामुनि परेका समुदायमा कुखुरा पालन वंगुर पालन र वजारको मध्यनजर गरी गाइ भैंसी पालन कार्यक्रम संचालन गरिनेछ ।
- यूवाहरुलाइ स्थानिय स्तरमा नै रोजगारीका अवसरहरु प्राप्त हुने किसिमका सिपमुलक तालिम दिइ रोजगारीमा वृदि गर्दै लगिनेछ ।
- भौगोलिक क्षेत्र र तुलनात्मक फाइदाको आधारमा सुहाउदो पशु पालन व्यवसायलाइ उत्पादनमा आधारित अनुदान दिइ प्रोत्साहन गरिनेछ ।
- ब्यवसायिक कृषकहरुलाइ सुलभ र सहज तरिकाले सस्तो व्याजमा ऋण उपलव्ध गराउन स्थानिय वित्तिय संस्थाहरु संग समन्वय गरिनेछ ।
- दुधजन्य र मासुजन्य पदार्थमा आत्मनिर्भर नगरपालिका वनाउन आवश्यक वजेटको व्यवस्था मिलाइने छ ।
- सिमसार क्षेत्रलाई माछा पालन गर्न प्रोत्साहन गरिनेछ ।
- अर्गानिक नगरपालिका निर्माणमा जोड दिइनेछ ।

**<u>आर्थिक विकास तर्फको नीति तथा कार्यक्रम:</u>**

- लक्षित बर्ग तथा पिछडिएका बर्गहरुलाई विभिन्न शिप बिकास तालिम तथा सशक्तिकरण कार्यक्रम संचालन गरी आय आर्जनमा सवल पारिनेछ ।
- गरिवी निवारणका लागि लघुउद्यम कार्यक्रम (MEDPA) अन्तरगतका कार्यक्रमहरुलाई थप व्यवस्थित गरी उद्यमशिलता तर्फ अग्रसर हुन प्रेरित गरिनेछ ।
- आय आर्जनको लागि ब्यवसायीक पशुपालन तथा ब्यवसायीक कृर्षि तर्फ अग्रसर हुने गरी कार्यक्रमहरु संचालन गरिनेछ ।
- यस प्यूठान नगरपालिका क्षेत्र भित्रका सम्पूर्ण प्राईभेट फर्म, ब्यवसायीक फर्म, निर्माण ब्यवसाय फर्महरुको नियमित अनुगमन गरि नेपाल सरकारको नीति अनुरुप सम्बन्धीत निकायमा दर्ता/नविकरण गरेर मात्र संचालन गर्ने ब्यबस्था मिलाइने छ ।
- नेफ्स्कुनको साझेदारी मार्फत सहकारीहरुमा आधारशिला कार्यक्रम सञ्चालन तथा सहकारीहरुलाई लेखाप्रणाली व्यवस्थापन गर्न कोपोमिसमा आवद्ध गर्दै लगिनेछ ।
- संघिय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको नीति, निर्देशिका बमोजिम नयाँ फर्म दर्ता गर्ने, नबिकरण गर्ने र नियमानुसार खारेज गर्न समेत सकिने नितिको अबलम्बन गरिने छ।
- न.पा. स्तरमा हस्तान्तरण तथा दर्ता भई सन्चालनमा रहेका फर्महरुको लगत संकलन गरी डिजिटाईजेशन गरिनेछ।
- लघू घरेलु तथा साना उद्योगहरुबाट उत्पादित वस्तुहरको बजारीकरणको लागि कोसेली घरलाई थप व्यवस्थित गर्दै लगिनेछ ।
- नगरपालिका क्षेत्रभित्र क्रियाशिल गै.स.सं.हरुको कार्यक्रमलाई नगर तथा वडाहरुमा समन्वयात्मक रुपमा कार्य गर्ने गरि परिचालन गरिने छ र सोको अनुगमन प्रभावकारी रुपमा गरिनेछ ।
- यस प्यूठान नगरपालिका क्षेत्र भित्रका सम्पूर्ण सहकारी संस्था, गरिवी निवारण कोष कार्यक्रमबाट गठन भएका समूहहरु लगायत अन्य कोषहरुको नियमित अनुगमन गरि बार्षिक साधारणसभा, बार्षिक नविकरण, बार्षिक लेखापरिक्षण, बचत खाता, ऋण खाता, खर्च खाता तथा खप्ने सामानहरुको जिन्सी खाताहरु अद्यावधिक गर्न लगाईनेछ, सहकारीहरुलाई नेपाल सरकारको नीति अनुसार एकिकरण गर्ने तर्फ अग्रसरता गराइने छ। निस्कृय भएका सहकारी तथा समूहहरुलाई हिसाब मिलान गरि खारेजी तर्फ अग्रसर गराउने निति लिइने छ।
- पालिका भित्र गठन भएका ४६ सहकारी मध्ये अनुगमन गरी तथ्यांक संकलन गरी सकृय सहकारी, मध्यम सहकारी र निस्कृय सहकारी बर्गिकरण गरि सहकारीहरुको पार्श्वचित्र तयार गरिनेछ ।
- सहकारीहरुले विनियम बमोजिम नै कारोवार तथा क्रियाकलापहरु संचालन गर्न सहजिकरण गर्ने, विनियममा उल्लेख नभई क्षेत्रगत कारोबार गरिरहेका सहकारीहरुलाई विनियम संशोधन गरेर मात्र सम्बन्धित कारोबार गर्न लगाईने छ ।
- सहकारीमा आबद्व कर्मचारी तथा पदाधिकारीहरुको क्षमता अभिबृद्धी गरी प्रविधी मैत्री बनाउन जोड दिईनेछ ।
- सहकारीका कर्मचारी तथा पदाधिरकारीहरुलाई लेखा तथा जिन्सी सम्बन्धी तालिम संचालन गरिनेछ ।
- गरिवी निवारण कोष कार्यक्रमबाट गठन भई बर्षौ देखि निस्कृय भएका समूहहरुको पहिचान गरी हिसाब मिलान तर्फ अग्रसर गरिनेछ ।
- यस न.पा.को क्षेत्राधिकारमा पर्ने सम्पूर्ण सहकारीहरुलाई अनिवार्य कोपोमिसमामा आवद्व गराईने छ ।
- वार्षिक औषत १०० जनाको दरले कम्तिमा १० हजार मासिक आम्दानी गर्ने गरी स्वरोजगारी श्रृजना गरिनेछ ।
- कृषि पशु तथा लघू उद्यमीको उत्पादन लागतमा अनुदान व्यवस्था गरि उत्पादन र वजारीकरणलाई टेवा पुर्‍याइनेछ ।
- सहकारी क्षेत्रको परिचालन मार्फत साना तथा लघु उद्योगहरुको स्थापना मार्फत रोजगारी सृजना गरिनेछ ।
- नगरपालिका भित्र उत्पादित हुने कृषिजन्य र उद्योगजन्य वस्तुहरुको प्रयोगलाई प्राथमिकता दिइनेछ ।

- जैविक मल उत्पादनलाई प्रोत्साहन गरी रासायनिक मलको प्रयोगलाई निरुत्साहित गरिनेछ ।
- नगरपालिका भित्र उद्योग स्थापनाको लागि सहकारी तथा निजि क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।

**पूर्वाधार तर्फको नीति तथा कार्यक्रम**

- एक घर एक धाराको कार्यक्रमलाई क्रमवद्ध रुपमा सञ्चालन गरिनेछ ।
- प्रत्येक वडाहरुमा १/१ वटा कालोपत्रे सडकको सुरुवात गर्ने निती अवलम्बन गरिनेछ ।
- सञ्चालनमा रहेका सडकहरुको स्तरोन्नतिलाई प्राथमिकता दिइनेछ ।
- जोलुङ्गे पूल संरक्षणलाई निरन्तरता दिईनेछ ।
- निर्माण हुने सबै नया सडक तथा हाल रहेका सवै सडकहरुको अनिवार्य रुपमा नाला निर्माण गर्दै लगिनेछ ।
- सिचाई योग्य जमिनमा सिचाइका पूर्वाधारहरु निर्माण गर्दै लगिनेछ ।
- भवन निर्माण आचारसंहितालाई कडाई पूर्वक लागु गरिनेछ।
- सार्वजनिक भवनहरु निर्माण गर्दा अनिवार्य रुपमा भवन निर्माण मापदण्ड लागू गरिनेछ ।
- योजना तर्जुमा गर्दा स्थानीय आवश्यकता, उपलव्ध श्रोत साधन र प्राविधिक दृष्टिले लाभदायी हुने र उत्कृष्ट प्रतिफल दिने योजना छनौट गर्ने कार्यलाई थप प्राथमिकिकरण दिइ योजना छनौट गरिने छ ।
- व्यवसायिक भवन निर्माणको लागि सम्वन्धित नियकायमा पहल गरिनेछ ।
- प्यूठान नगरपालिका भित्र रहेका टिकुरी बसपार्क र शहीद पार्कलाई कार्यविधी निर्माण गरी आफ्नै स्वामित्वमा संचालन गरिनेछ ।
- प्यूठान नगरपालिका ३ मा रहेको जुम्रि बसपार्कलाई आफ्नै स्वामित्वमा लिन पहल गरिनेछ ।
- लैंगिक समानता तथा सामाजिक सामावेशीकरणको नीति अपनाइ योजना छनौट तथा कार्यान्वयन गरिने छ ।
- उपभोक्ता, निर्माण व्यवसायी वा अन्य निकायवाट योजना कार्यान्वयन गर्दा वजेटको र कृयाकलापको विवरणलाई थप स्पष्ट हुने गरी समिति र सरोकारवाला समुदाय र पक्षलाई जानकारी दिनु पर्ने नितिलाई प्रभावकारी रुपमा अगाडी वढाइने छ।
- नगर क्षेत्रभित्रका खोला नाला, खोल्सीहरुमा पक्की पुल, झोलुङ्गे पुल, ट्रस ब्रीज र कल्भर्ट निर्माण गरि आवागमनलाई सहजता प्रदान गर्ने नीति लिइनेछ।
- स्वीकृत कार्यक्रम र कृयाकलाप अनुसार समय अवधि भित्र कार्य सम्पन्न गर्ने गराउने कार्यलाई प्रभावकारी रुपमा अगाडी वढाइने छ ।
- बृहत विजुवार साना शहरी खानेपानी तथा सरसफाई संस्थालाई व्यवस्थापकीय पक्षमा सहयोग गर्दै लगिनेछ ।
- नगरपालिकाबाट सञ्चालन हुने योजनामा मेसिनरी उपकरण (डोजर) प्रयोग निरुत्साहित गरी मानव संसाधनको परिचालन गरी रोजगारी सृजना गरिनेछ ।
- नगरभित्र सवै क्षेत्रमा विद्युतको थ्री फेज लाईन विस्तारका लागि क्रमवद्ध रुपमा पहल गरिनेछ ।
- नगरपालिका क्षेत्र भित्र भएका खेलमैदानहरुको निर्माण तथा स्तरउन्नती गरिनेछ ।
- नगरपालीका बाट संचलन हुने योजना तथा कार्यक्रममा नगरपालीको स्काभेटर प्रयोग गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

**सुशासन तथा संस्थागत क्षमता विकास सम्बन्धी नीति तथा कार्यक्रम**

- नगरपालिका वा सो अन्तरगतका निकायबाट प्रवाह गरिने सेवा प्रवाहलाई पारदर्शि बनाउन प्रविधिमैत्री सेवा प्रवाह गरिनेछ ।
- नगरपालिकाबाट हुने गतिविधिलाई नियमानुसार प्रचार प्रसार गरिनेछ ।
- सेवा प्रवाहलाई प्रभावकारी बनाउन कर्मचारी र जनप्रतिनिधिहरुलाई तालिमको व्यवस्था गरिनेछ ।
- सबै सञ्चार माध्यामहरुलाई समान व्यवहार गरिनेछ ।
- प्यूठान नगरपालिका क्षेत्रभित्र रहेका सार्वजनिक र सरकारी जग्गाहरुको लगत संकलन गरी अभिलेख राखिनेछ ।
- सुशासनयुक्त नगरपालिका निर्माणको लागि नगरपालिकाको हरेक गतिविधिमा सञ्चार माध्यामहरुलाई संलग्न गराइनेछ ।
- भवन नभएका नगरपालिका अन्तरगतका कार्यालयहरुको लागि क्रमश भवन निर्माण गर्दै लगिने छ ।
- नगरपालिकाबाट हुने गतिविधिमा सबै नागरिकको पहुँच सुनिश्चित गरिनेछ ।
- नागरिक मत सर्वेक्षण गरि नगरपालिकाबाट हुने सेवा प्रवाह र विकास गतिविधिमा गुणस्तरियता अभिवृद्धि गरिनेछ ।
- कर्मचारीहरुलाई उच्च मनोबलका साथ काम गर्न प्रोत्साहनको व्यवस्था गरिने छ साथै नगरपालिका तथा वडा कार्यालयको कार्यबोझको आधारमा संगठन व्यवस्थापन सर्वेक्षण गरिने छ।
- नगरपालिकाबाट सञ्चालन हुने कार्यक्रम तथा योजनाहरु मध्ये न्याण्डमली कार्यक्रम तथा योजना छनौट गरी तेस्रो पक्षबाट अनुगमन गराइनेछ ।

**न्याय क्षेत्र तर्फका नीति तथा कार्यक्रमहरु**

- स्थानिय तहका विवादहरु स्थानिय तहमानै समाधानका लागि **"विवादको साटो मेलमिलापको बाटो"**अभियान समुदाय तहसम्म सचेतनाका माध्यमबाट संचालन गरिनेछ। जसका लागि सामुदायीक मेलमिलापकर्तालाई सम्भव भएसम्म समुदाय तहमा परिचालन गरिनेछ । १० वटा वडाहरुमा सञ्चालनमा रहेका मेलमिलाप केन्द्रहरुलाई नगरपालिकाको न्यायिक समितिबाट सम्पादन गर्ने प्रक्रिया अगाडी बढाईनेछ ।
- कानुन र लैङ्गिग हिंसा सम्वोधनको लागि प्रशिक्षक प्रशिक्षण कार्यक्रम मार्फत प्रत्येक वडाहरुमा उत्पादन गरिएका जनशक्तीको प्रयोग गरी लैङ्गिग हिंसा न्यूनिकरणको लागि कार्यक्रम अगाडि वढाउने र कानुन सम्वन्धी कानुन ईकाइमा सुचिकृत मेलमिलापकर्ता र मनोसामाजिक परामर्शकर्ताहरुलाइ समुदाय स्तरमा परिचालन गरि गाउँ र वस्ती स्तरको समस्या मेलमिलाप केन्द्रमै समाधान गर्ने वातावरण मिलाईनेछ ।
- जिल्ला स्तरमा अन्यपालिकाहरु सगँ  समन्वय गरी एकिकृत सुरक्षित आवास गृह (safe house) निमार्णमा सहयोग गरिनेछ ।
- न्यायीक सम्पादन कार्यलाई सहज बनाईनेछ ।
- मेलमिलापकर्ताहरु समेतलाई संलग्न गराउदै प्यूठान नगरपालिकाको नेतृत्वमा जिल्ला स्तरीय न्यायीक सम्मेलन आयोजना गरिनेछ ।

**रोजगार तर्फको नीति तथा कार्यक्रम**

- नगरपालिकाबाट सञ्चालन हुने योजनाहरुमा सूचिकृत बेरोजगार व्यक्तिहरुलाई रोजगारीमा संलग्न गराइने छ।
- रोजगारी सृजना गर्दा निम्न आर्थिक अबस्था भएका परिवारका सदस्यलाई प्राथमिकिकरणमा राखी अवसर दिइनेछ।
- रोजगारी सृजना गर्दा सडक निर्माण तथा मर्मत सम्भार, कृषि तथा सिंचाई, ग्रामीण खानेपानी, स्वास्थ्य तथा सरसफाई, शिक्षा, वन तथा जलाधार, पर्यटन क्षेत्रहरुमा ध्यान दिइने छ।

**महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गता भएका ब्यक्तिहरुको सम्बन्धमा नीति तथा कार्यक्रम**

- महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गता भएका ब्यक्तिहरुको तथ्याङ्क संकलन गरी तथ्याङ्क अध्याबधिक गरिने छ ।
- नगरपालिकाबाट निर्माण हुने भौतिक संरचनाहरु अपांगमैत्री बनाइनेछ ।
- बाल क्लवहरु गठन सञ्चालन र परिचालन गर्न बजेटको व्यवस्था गरिनेछ ।
- घरेलु हिंसा, लैंगिक हिंसा विरुद्धका अभियानहरु सञ्चालयन गर्दै नगरपालिकामा हिंसा न्युनिकरणका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- प्यूठान नगरपालिकालाई लैंगीक हिंसामुक्त नगर घोषणाका लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- हिंसा पिडित महिलाहरुको लागि  सिपमुलक तालिमहरु प्रदान गरी आत्म निर्भर गराईनेछ ।
- नगरपालिका भित्रका सवै वडाहरुमा जेष्ठ नागरिकहरुलाई सम्मान गरिनेछ ।
- जेष्ठ नागरिकहरुमा भएका ज्ञान र शिपलाई तल्लो पुस्तामा हस्तान्तरण गर्नको लागि कार्यक्रम सञ्चालन गरिनेछ ।
- ६० वर्ष पुरा भएका जेष्ठ नागरिकहरुलाई निशुल्क आँखा उपचारको व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- प्यूठान नगरपालिकामा भएका ग र घ वर्गका अपांगता भएका व्यात्तीहरुलाई प्रदान गर्दै आएको भत्तालाई निरन्तरता दिइने छ ।
- शिपमूलक तालिम प्रदान गरी अपांगता भएका व्यात्तीहरुलाई स्वरोजगार वनाउँदै लगिनेछ ।
- नगरपालिका भित्र विभिन्न कारणले पछाडी पारिएका महिलाहरुलाई सशक्तीकरण र शिपमूलक समन्धी तालिम दिइने छ ।
- जनयुद्ध जनआन्दोलनका सहिद परिवार वेपत्ता पारिवार घाइते अपांग तथा द्वन्द पिडितहरुलाई उनिहरको माग र आवश्यकताका आधारमा विशेष कार्यक्रम संचालन गरिनेछ ।
- सामाजिक सुरक्षा भत्तालाई लाभग्राहीको घरदैलोमा पुऱ्याउन पहल गरिनेछ ।
- दलित महिला अपाङ्ग र द्वन्द पिडितहरुलाई उद्योग स्थापनामा सहुलियत सहित प्रोत्साहन गरिनेछ ।
- राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तरगत उत्कृष्ट महिला उद्यमी सम्मान कार्यक्रम गरिनेछ ।

**सूचना प्रविधि तर्फका नीति तथा कार्यक्रम**

- पालिकामा सूचना केन्द्र स्थापना गरी सेवा प्रवाहलाई सुचनामैत्री बनाईनेछ ।
- कार्यालयको वेवसाइट र मोबाइल एप मार्फत नगरपालिकाको नीति,  नियम कार्यक्रम एवम् भएका सम्पूर्ण आय-व्यय विवरणहरु वेवसाइट र मोबाइल एप मार्फत सार्वजनिक गर्ने व्यवस्था मिलाउने र आयोजना तथा कार्यक्रमहरुको सामाजिक परिक्षण, सार्वजनिक सुनुवाइ, सार्वजनिक परीक्षण, चौमासिक तथा वार्षिक समीक्षा जस्ता सुशासनका औजारहरुलाई कडाइका साथ अवलम्बन गर्ने नीति लिइएको छ। साथै नगरपालिका भित्रका पर्यटकीय तथा गौरबका योजनाहरुको भिडियो तयार गरी प्रचारप्रसार तथा प्रशारण गर्ने व्यवस्था मिलाईनेछ ।
- कार्यपालिका, वडा कार्यालयहरु र अर्न्तगतका प्रशासनिक ईकाइहरुमा सञ्जालीकरणका माध्यमबाट श्रव्य-दृष्य नागरिक वडापत्र, गुनासो व्यवस्थापन सूचना प्रणाली, टोल फ्री नम्वर, श्रव्य सूचना वोर्ड, अन्य विभिन्न व्यवस्थापन तथा सूचना प्रणालीहरु, नगर पार्श्व चित्र, सिसि क्यामेरा, ईमेल, जनसंख्या गणना तथ्याङ्क, भू-सूचना, अनलाईन वैठक सफ्टवेयरहरु र म्यासेजिङ समेत एकीकृत रुपमा सञ्चालन गरिनेछ ।
- नागरिकहरुलाई पालिकाको कोठा कोठा धाउने परिस्थितिको अन्त्यको लागि सूचना प्रविधी विभागको सहयोगमा अफिस अटोमेसन सफ्टवेयर संचालनमा ल्याईने छ ।
- सूचना प्रविधिको प्रयोग गरी तथ्याङ्कको संकलन, अद्यावधिक र अभिलेख व्यवस्थापन गरिनेछ ।

- सूचना प्रविधी विभाग तथा प्यूठान नगरपालिकाको समन्वयमा सर्भर स्पेस खरिद गरी सर्भर डाटा,सफ्टवेर लगाएत अन्य कार्यलाई व्यवस्थित गरिनेछ ।
- सफ्टवेर मार्फत पारिवारिक लगत संकलन गरि डीजीटल database लाई Upgrade गरिनेछ ।
- नगरपालिका भित्रका महत्पूर्ण स्थानहरुलाई GIS MAP तयार गरिनेछ ।
- प्रत्येक शाखाहरुबाट फाईलहरु सर्भर BACKUP गरिनेछ ।
- DOIT को सहयोगमा विधालयहरुमा DIGITAL TEACHING AND E-LEARNING गरिनेछ ।
- वडा, स्वास्थ्य संस्था तथा सामुदायीक विधालयहरुमा ई-हाजिरी RECORD न.पा मा अभिलेख व्यवस्थापन गरिनेछ ।
- नगरकार्यपालिकाको बैठकलाई Paper less बनाउन सदस्यहरुको लागि Computer Training तथा सूचना प्रबीधी सम्बन्धी क्षमता विकास गरिनेछ ।

**राजस्व तर्फ नीति तथा कार्यक्रम**

- आन्तरिक राजस्वका प्रमुख श्रोतहरुको सम्भाव्यता पहिल्याई समस्याको पहिचान गरी प्रभावकारी कार्यान्वयनको निति अबलम्बन गरिने छ।
- राजश्व सूधार कार्ययोजनना अनुरुप पालिकाको आन्तरिक राजश्व वृद्धिका लागि आवश्यक कार्यहरु गरिने छ ।
- समयमै कर तिर्ने करदातालाई प्रोत्साहन र पुरस्कृत गर्ने तथा कर तिर्न अटेरी गर्ने वा कर नतिर्ने प्रवृतिलाई निरुत्साहित गरिने छ।
- नियमित अनुगमन टोली परिचालन गरी करको दायरामा नआएका करदाता एवं व्यवसायीहरुको पहिचान गरी करको दायरा भित्र ल्याइने छ।
- करको दायरालाई बढाउदै कर प्रणालीमा सुधार नगरपालिका विकासको मुल आधार भन्ने अवधारणा अनुसार अघि बढिने छ ।
- प्रगतिशिल कर प्रणालीलाई क्रमश कार्यान्वयन गर्दै लगिनेछ ।
- जनताको कर जनतालाई नै भन्ने सिद्धान्तलाई सार्थक बनाउन करदाता शिक्षाका कार्यक्रम सञ्चालन गरिनेछ ।
- कर भुक्तानीलाई प्रविधिमैत्री बनाउदै लगिनेछ ।

**विपत तथा वातारण सम्वन्धी नीति तथा कार्यक्रम**

- विपद पूर्व तयारी तथा प्रतिकार्य योजना जोखिम न्यूनीकरण कार्ययोजना वनाइ लागु गरिने छ ।
- विपद जोखिम क्षेत्रको नक्सांकन तथा वस्तीहरुको पहिचान गरी स्थान्तरणको लागि पहल गरिने छ ।
- आगलागि वाट वस्ती तथा वन जंगल संरक्षणको लागि अग्नीरेखाको निर्माण गर्ने र नदी तथा खोला कटान र वाढी पहिरो नियन्त्रणको लागि तटवन्धन निर्माण गरिने छ ।
- वृक्षारोपण कार्यक्रमलाई अभियानको रुपमा संचालन गरी वातावरण संरक्षणमा थप ध्यान दिइने छ।
- विपद कोष स्थापना गरी विपद प्रतिकार्य, विपद व्यवस्थापन र विपद न्यूनीकरणको कार्यलाई प्रभावकारी रुपमा अगाडी वढाइने छ ।
- फोहोर व्यवस्थापनको लागि ल्याण्ड फिल्ड साइडको व्यवस्था गरिनेछ ।
- नगर क्षेत्रभित्रका सरकारी वन,सामुदायिक वन तथा कबुलियती वनक्षेत्रलाई व्यवस्थित गरि वन संरक्षण तथा प्रवर्द्धन गरिनेछ ।
- कुहिने र नकुहिने फोहोरलाई वर्गिकरण गरी फोहोरलाई मोहोरमा बदल्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
- विपद पूर्व सूचना प्रणालीको स्थापना गरी विपदवाट हुने नोक्सानीलाई न्यूनीकरण गरिने छ ।
- सफा र सुन्दर नगर स्थापना लागि प्रत्येक वस्तीहरुमा टोल विकास संस्था गठन गरी चेतनामूलक तालिम दिइ सरसफाइमा संलग्न गराइने छ ।
- पूर्ण सरसफाईयूक्त र वातावरण मैत्री नगर स्थापनाको लागि नगरपालिकावाट थप पहल गरिने छ।
- प्लाष्टिक झोला निरुत्साहित गर्न आवश्यक पहल गरिने छ ।
- छाडा चौपायहरुलाई नियन्त्रणको लागि काञ्जीहाउसको व्यवस्था गरी सञ्चालनमा ल्याउने व्यवस्था गरिने छ ।
- नदी तथा खोलाहरु स्वच्छ राख्न चेतनामूलक कार्यक्रम सञ्चालन गरी नदी तथा खोलाहरुमा फोहर फ्याक्नवाट रोकिने छ र नदी किनारामा सुन्दर उद्यान निर्माण कार्यलाई अगाडी वढाइने छ ।
- सामुदायिक वन निजी वन तथा कवुलियती वनलाई थप व्यवस्थित गरिने छ ।
- झिमरुक करिडोरलाई हरित सडकका रुपमा स्तरउन्नती गरिनेछ ।
- झिमरुक नदि, जुम्रीखोला, खप्रेङखोला, भुसवाङ खोला, दहखोला, लुङ खोला, दहरेखोला, चुदरीखोला, चितिखोला, ढुंगठाटी खोलाबाट हुने कटानलाई नियन्त्रण गर्न आवश्यक पहल गरिनेछ ।
- झिम्रुक नदिमा रहेको ढुंगा गिट्टि उत्खननलाई व्यवस्थापन गर्न आवश्यकताअनुसार मेसिनरी औजार (डोजर) को प्रयोग गरिनेछ ।

**पर्यटन सम्बन्धी नीति तथा कार्यक्रम**

- भित्रिकोट, खैराकोट,शहीद पार्क, दाखाकोट, झुलेनी, लिस्ने, मरन्ठानाकोट, बाइसधारा,युद्ध पर्यटकीय स्थल, ठुला मूल, साततले लभडाँडा पर्यटकीय क्षेत्र, गेजबाङ सहिद पार्क, धर्मावती, नेपाने पर्यटकीय स्थल,सालघारी सिस्टरपार्क लगायत अन्य पर्यटकीय क्षेत्रहरुलाई थप विकास गरी पर्यटकहरुलाई भित्राउनमा जोड दिइने छ ।
- वहु उद्धेश्यीय सभाहल निर्माणको गुरु योजना अनुसार निर्माणको कार्यलाई अगाडी वढाइने छ।
- होटल, उद्योग पर्यटन जस्ता संरचनाहरुको निर्माणको लागि निजी क्षेत्रको संलग्नातामा वृद्धि गरिने छ ।
- नगरपालिका भित्र भएका पर्यटकिय क्षेत्रको पहिचान गरी संरक्षण र प्रवर्द्धन गरिने छ ।
- पर्यटन परवर्द्धनका लागि संघ प्रदेश र सरोकारवाला संघ सस्थाहरुसँग समन्वय र सहकार्य गरिनेछ ।
- होमस्टे सञ्चालन गरी पर्यटन परवर्द्धन गर्दै रोजगारी समेत सृजना गरिनेछ ।
- एक जिल्ला एक साँस्कृतिक ग्राम अन्तरगत प्यूठान नगरपालिका वडा नं ७ र वडा न ४ मा खस आर्य साँस्कृतिक ग्राम निर्माणलाई निरन्तरता दिइनेछ ।

उपरोक्त नीतिका आधारमा कार्यक्रम र बजेट सम्मानित सभामा प्रस्तुत गरिनेछ । बजेटको कार्यान्वयनको लागि सबै जनप्रतिनिधीहरु, राष्ट्रसेवक कर्मचारीहरु, सम्बद्ध निकायहरु साथै सम्पूर्ण नगरबासीहरुमा रचनात्मक सहयोगको अपेक्षा गरेको छु। यस नगरपालिकाको सीमित श्रोत र साधनले सम्बोधन गर्न नसकेका नगरका गौरवका आयोजनाहरु, अन्य स्वीकृत आयोजना तथा कार्यक्रमहरुलाई कार्यान्वयन गरि नगरपालिकाको समग्र विकास निर्माणलाई पूर्णता दिने कार्यमा संघ तथा प्रदेश सरकारसंग आवश्यक सहयोगको लागि हार्दिक अनुरोध गर्दछु । यस घोषित नीतिबाट प्यूठान नगरपालिकालाई समृद्ध बनाउने दिशातर्फ अग्रसर हुन जनप्रतिनिधी ज्यू, विषयगत समितीहरु, कार्यालय प्रमुख एंव कर्मचारीहरुलाई अनुरोध गर्दै नीति तथा कार्यक्रम निर्माणमा सहयोग पुऱ्याउनु हुने सबैलाई धन्यबाद ज्ञापन गर्दछु।
धन्यबाद,

विष्णु वहादुर योगी
नगर प्रमुख
प्यूठान नगरपालिका प्यूठान
२०८०/०३/०९